निरन्तर सत्य खबर

समय आवाज

Samaya Aawaj National weekly

राष्ट्रिय साप्ताहिक

के तपाई पत्रकारिता गर्न चाहनुहुन्छ ?

मौका आउँछ पर्खदैन, बगेको खोला फर्कदैन

२०७३ साल फागुन ५ गतेदेखि पत्रकारितासम्बन्धी सात दिने विशेष तालिम सञ्चालन हुने भएकाले उक्त तालिममा सहभागी हुन चाहने इच्छुक व्यक्तिहरूलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । इच्छुक व्यक्तिहरूले निम्न ठेगानामा सम्पर्क राख्नुहोला ।

तालिमहरू : स्पेशल भाषा ट्रेनिङ, आरजे, भिजे, उद्घोषण, व्यक्तित्व विकास, मिडिया मेनेजमेन्ट

आयोजक - समय आवाज मिडिया प्रालि
मिडिया नेपाल सुनसरी जिल्ला
सहआयोजक : समय आवाज साप्ताहिक
प्रधान कार्यालय इटहरी,सुनसरी
सम्पर्क नम्बर ९८४२५५३५५५

❍ बर्ष २ ❍ अङ्क ४९ ❍ २०७३ माघ १४, शुक्रबार ❍ 27 jan, 2017, Friday E-Mail: samayaaawajweekly@gmail.com ❍ मूल्य रु. १०।-

कोशी नदिमा डुबेका नौ को लाश अझै फेला परेन

इटहरी/साढे चार महिनाअघि अर्थात असोज १ गते शनिवार दिउँसो सप्तकोशी नदीमा डुङ्गा दुर्घट्नामा परि बेपत्ता भएका ९ जना श्रीलङ्का टप्पुबासीको अझै लाश फेला पर्न सकेको छैन। अहिले सप्तकोशी नदीमा बेपत्ता भएकाहरुको खोजी कार्य पनि रोकिएको छ।

बेपत्ताका लाश फेला नपरेको पीडा परिवारजनमा छ भने मृतकका आफन्तले मृत्यु दर्ता गर्न नपाएको र मृतकका आफन्तहरु कसैले पनि क्षतिपूर्ति समेत पाउन नसकेको गुनासो बढिरहेको छ। प्रकाशपुर ४ को श्रीलङ्का टप्पु वडा नागरिक मञ्चका अध्यक्ष रामविलाश चन्द्रवंशीका अनुसार सोही घट्नामा परि बेपत्ता भएकी नीतादेवी चन्द्रवंशीको मृत्यु प्रमाण गविसले नबनाई दिएकाले उनले काम गर्दै गरेको जीवन विकास संस्थाले उपलब्ध गराई दिने भनेको १० हजार रुपियाँसम्म उनको परिवारले पाउन नसकेको छैन।

छोरीको कानको उपचारका लागि गएकी बोल्टु चन्द्रवंशीको श्रीमती सकुन्तला चन्द्रवंशी र उनको छोरी सोनी चन्द्रवंशीको पनि लाश फेला परेको छैन। गाविसले उनीहरुको पनि मृत्यु प्रमाण गविसले नदिएको कारण बोल्टुले कहि कतैवाट क्षेतिपूर्ति पाउन नसकेको गुनासो सुनाउनुभयो।

तीन जना आफन्त गुमाउन पुगेका गोल्छा झाको श्रीमती दुर्गा झा, छोरी रेखा झा र बहिनी मीना झाको पनि लाश फेला परेको छैन। उनले पनि गाविसबाट मृत्यु दर्ता प्रमाण लिन धेरै पटक धाए पनि त्यो प्रमाण पत्र प्राप्त गर्न नसकेको गुनासो सुनाउनुभयो डुङ्गा चालक कुन्जन झाको पनि लाश फेला नपरेको छिमेकी सोनु चन्द्रवंशीले जानकारी दिनुहुँदै अझै उनको काजक्रिया समेत नगरिएको बताउनुभयो।

सो घट्नामा अशोक चन्द्रवंशीको श्रीमती पार्वती हरिवोल केवरतको श्रीमती सीतादेवी बुलबुल गुहारको श्रीमती लगायतको पनि लाश फेला नपरेको पीडितहरुले जानकारी दिनुभएको छ। सप्तकोशी नदीमा डुङ्गा पल्टिएर बेपत्ता भएका कसैको पनि गाविसले मृत्यु प्रमाण पत्र नदिएको र बेपत्ता सबैको परिवारले क्षतिपूर्ति नपाएको गुनासो गर्नुभएको छ।

अख्तियारले काम रोक्न आदेश दिएपनि काम भैरहेको छ

इटहरी/अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पूर्वाञ्चल कार्यालयले तत्काल अर्कालै भोग चलन गरिरहेको जमिनमा कुनै पनि भौतिक संरचना निर्माण नगर्न आदेश दिएपनि सुनसरीको इटहरीमा पैनी भएको क्षेत्रमा सडक बनाउने काम भैरहेको छ ।

मानव वस्तीको विचवाट सडक बनाएर सो क्षेत्रमा रहेको ऐलानी जग्गाको मुल्यांकन बढाउने चलखेल भै रहेको एक पक्षले आरोप लगाएको छ भने अर्को पक्षले सवैको सहमतिमा सडक बनाउने काम भैरहेको दावी गरेको छ ।

इटहरी उपमहानगरपालिका १ र ८ को बीचमा ऐलानी प्रयोगविहीन पैनी मासेर सडक बनाउने कार्यले एक एकल महिलाको घरवास उठीवास हुने अवस्थामा पुगेको छ । पुर्व पश्चिम राजमार्गवाट उत्तर दक्षिण निर्माण भैरहेको सो सडकको अन्तीम खण्डको विचमै एकल महिला बसोवास गर्दै आएको घर रहेको छ । केही मानिसहरुले भोगचलन गर्दै आएको ऐलानी जग्गाको मुल्यांकन बढाउने उद्धेश्यले निर्माण भैरहेको सो सडक निर्माण कार्यका लागि इटहरी उपमहानगरपालिकाले समेत तिन लाख सहयोग गरेको स्थानीयले जानकारी दिए । सो ठाउँको ऐलानी जग्गा केही वर्षहरु अघि किनवेच भएको स्थानीयले बताए । सडक निर्माण भएपछि जग्गाको मुख्य वृद्धि हुने हुँदा आफु अनुकुल सडक निर्माण गरिएको एक पक्षको आरोप रहेको छ । सो सडक कतै सानो र कतै ठुलो आकारमा देखिन्छ भने नागवेली आकारले बाँगोटिगो बनाइदै छ ।

सो सडकको कारण उठीवास हुन लागेको एकल महिलाकी अपाङ्गता भएकी छोरी पम्फा सिग्देलले आफुहरुलाई थाहा नभएको तर एकै पटक भत्काउन थालेको बताइन । यहाँवाट आफुहरु विस्थापीत हुँदा आफुहरुसँग बसोवास गर्ने ठाउँ नहुने उठीवास हुने भन्दै गुनासो गरिन ।

त्यसै गरी कृष्णप्रसाद पराजुलीले आफुहरुको विरोधका वावजुद सडक निर्माण गरिदै आएको वताए ।

राज्यले उपेक्षा गर्यो: निर्माण व्यवसायी

विराटनगर/निर्माण व्यवसायी संघ मोरङको २३ औं साधारणसभाको उद्घाटन सत्रमा बोल्ने व्यवसायीले राज्यले निर्माण व्यवसायीलाई उपेक्षा गरेको आरोप लगाएका छन् । विराटनगरमा सोमबार आयोजित कार्यक्रमका वक्ताहरुले यस्तो आरोप लगाएका हुन् ।

सो अवसरमा बोल्दै उनीहरुले निर्माण व्यवसायी सम्बन्धी कानुन, नियम एकतर्फ रहेको भन्दै सरकारले व्यवसायीको पक्षमा कानुन निर्माण गरी काम गर्ने सहज वातावरण बनाउनु पर्ने बताउनु भयो । कार्यक्रममा निर्माण व्यवसायी संघ मोरङका अध्यक्ष सागर बानियाले निर्माण व्यवसायमा साना र ठूला व्यवसायीबीच ठुलो खाल्डो रहेको जानकारी दिनुभयो । उहाँले साना व्यवसायीले २ करोडसम्मको बोलपत्र खुला रुपमा भर्न पाउनु पर्ने माग सरकार समक्ष राखिएकोमा त्यसो नभएको जानकारी दिनुभयो ।

यस्तै २० लाखभन्दा माथिको दुई करोडसम्मका निर्माण पुल, भवन, विद्युत गृह, सुरुङमार्ग, रेल मार्ग, सडक निर्माणमा सरकारले विभिन्न सर्तहरु राखेर साना व्यवसायीलाई खुम्च्याउने कार्य गरेको आरोप लगाउनु भयो । त्यस्तै असार १ गतेदेखि ढुंगा, गिटी बालुवा जस्ता निर्माण सामाग्रीलाई बन्द गराइएकाले व्यवसायीहरु मर्कामा परेको जानकारी दिइएको थियो ।

कार्यक्रममा बोल्दै निर्माण व्यवसायी महासंघका अध्यक्ष सरदकुमार गौचनले निर्माण व्यवसायीका समस्या समाधान गर्न आफू लागि परेको र सरकार समक्ष व्यवसायीका समस्या राखी त्यसको हल गर्न समेत पहल गरिरहेको बताउनु भयो । यो अधिवेशनले नयाँ कार्यसमिति चयन गर्ने जनाएको छ । मोरङमा ३ सय ३५ जना निर्माण व्यवसायी रहेका छन् ।

बिशाल पोखरेलको के यो माया हो...बोलको भिडियो रिलिजको तयारीमा यच

संगित क्षेत्रमा रमाउदै बिशाल

आर.बी.कट्वाल (राम)

भुम्का/सुनसरीको रामधुनी भासीका बिशाल पोखरेल सानै उमेरदेखी संगित क्षेत्रमा तल्लिन छन् । मोफसलमै बसेर उनले एक पछि अर्को गर्दै धमाधम गितहरु रेकर्ड गर्न थालेका छन् । पोखरेलले हाल सम्म ३ वटा गित गाइसकेका छन् । रेकर्डको लागि भने केही गित तयारी अवस्थामा रहेको बताउछन् । १६ वर्षिय पोखरेलले सानै उमेरदेखी गित संगितलाइ माया गर्ने गरेको कारण पनि संगित क्षेत्र प्रति उनको आकर्षण रहेको छ । बच्चै देखी गित गुनगुनाउने बानी भएका उनीमा गित गाउने मात्र हैन, गित लेख्ने र गितलाइ संगित भर्ने क्षमता पनि रहेको छ ।

केही दिन अगाडी 'के यो माया हो..' बोलको गित रेकर्ड गरेका पोखरेलले छुट्टै ब्याण्ड

समेत खोलेका छन् । माया प्रितीको भाव झल्कने सो गित उनले पुर्वाञ्चलमै रेकर्ड गरेका हुन्। सो भिडियोको सुटिङ्ग समेत सकिएको उनी बताउछन् । पोखरेल कै शब्द, संगित र स्वर रहेको सो गितको काठमाण्डौ, गोदावारी र आसपासका रमणीय स्थानमा सुटिङ्ग भएको हो । साथमा उनलाइ उनकै ब्याण्डका राज तामांग, रायन राइ र विवेक चौधरीले कोरसमा साथ दिएका छन् । विराज घिमिरेले निर्देशन गरेको सो भिडियोमा रवी आचार्य, सोमीया को मुख्य भूमिका रहेको छ । द आरबी स्क्वायर ब्याण्डको पहिलो म्युजिक भिडियोको रुपमा पोखरेलले के यो माया हो...बोलको गितमा स्वर भरेका हुन । सो गितको भिडियो सम्पादन भइरहेको र चाँडै नै रिलिज गरिने बताइएको छ । यस अघि पनि रेडक्रस

बाँकी अन्तिम पेजमा

झुम्का बजारमा व्यवस्थित बधशाला भवन निर्माण

इटहरी/पुर्वमा खसीको मासुका लागि प्रख्याती कमाएको सुनसरीको झुम्का बजारमा सुविधा सम्पन्न व्यवस्थित बधशाला भवन निर्माण भैरहेको छ ।

मासुका पारखीहरुको पहिलो रोजाईमा पर्ने झुम्कामा ताजा र स्वस्थ्य मासु पाइने उपभोक्ताहरुले विश्वास गर्दै आएका छन तर सडक किनाराको नाला नजिकै रहेका मासु पसलहरुमा भिगाँ भन्कीने गरेको तर्फ मध्यनजर गर्दै निर्माण भइ रहेको बधशाला आगामी वैशाख देखि सञ्चालनमा आउने भएको हो ।

उपभोक्ताहरुको चापलाई मध्यनजर गर्दै व्यवस्थित मास पसलहरु सञ्चालनमा ल्याउने उद्धेश्यले पशुपन्छी बजार प्रवन्ध निर्देशनालय रामधुनीभासी नगरपालिका र ओल्डभिजन नेपालको साझेदारीमा उक्त भवन निर्माण भई रहेको नगरपालिकाका योजना शाखाका प्रमुख हर्षलाल चौधरीले जानकारी दिए। १ करोड बढिको लगानीमा ३कट्ठा जमिनमा निर्माण भैरहेको पशु बधशाला भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको जनाइएको छ।

पशु बधशालालाई व्यवस्थित र उपभोक्ताहरुलाई स्वस्थ मासु खरिद गर्ने व्यवस्था मिलाउने उद्देश्य राखेर निर्माण भई रहेको भवनमा आधुनिक स्लटर मासु भण्डारण अर्थात चिस्यान उपकरण लगायत भवनको भुईमा टायल मार्वल राख्ने कार्य भैरहेको समेत चौधरीले बताए ।

सुविधा सम्पन्न खसी काट्ने बधशाला र मासु पसल सञ्चालनमा ल्याएपछि मासुका लागि आउने उपभोक्ताहरुको संख्यामा पनि वृद्धि हुने विश्वास गरिएको छ। झुम्कामा अहिले पनि सुनसरीका इनरुवा, इटहरी ,तरहरा, धरान लगायतका ठाउँहरुवाट उपभोक्ताहरु मासु खरिदका लागि आउने गरेका छन। स्वस्थ्यकर खसीको मासुका लागि व्यवस्थित रुपमा बधशाला सञ्चालनमा आएपछि अन्य ठाउँ सम्मका बजार सम्म पुर्याउन सकिने समेत विश्वास गरिएको छ। बधशालाको निर्माण सम्पन्न भैसकेपछि झुम्का क्षेत्रमा मासु जथाभावी काट्न नदिने समेत जनाइएको छ ।

विराटनगरमा छापा आतंक

विराटनगर:राजस्व अनुसन्धान विभागले विराटनगरमा केही दिनदेखि प्रतिष्ठित उद्योगपतिका फर्मले राजस्व छलि गरेको आरोपमा छापा मार्न थालेपछि विराटनगरका उद्योगी व्यवसायीहरु आतंकित भएका छन् ।

केही दिन अघि काठमाण्डौबाट आएका टोलीले विराटनगरको एसियन थाई फुण्ड्स, स्वदेशी साबुन, न्यूट्रि फुड, आन्नद इट्टा, सेन्चुरी मसलालगायतका आधा दर्जनबढी उद्योगमा छापा मारेको छ । मोरङ व्यापार संघका अध्यक्ष एवं सभासद पवन सारडाले विगत बिस दिनदेखि विराटनगरमा छापा मार्ने अभियान चलेको र यसले व्यवसायीहरु आतंकित भएको बताउनुभयो । कुनै पनि व्यवसायीले उद्योगिको हकहितमा काम गर्ने संस्थाहरुमा उजुरी नदिएकाले संस्थागत रुपमा आतंकको विरोध गर्न नसकिएको बताउँदै उनले बुधबार यस विषयमा अर्थमन्त्रालयको ध्यानाकर्षण गराउने जानकारी दिनुभयो । उहाँले अर्थमन्त्री र काठमाण्डौका व्यवसायीहरुसँग पनि छलफल गर्ने बताउनुभयो ।

विराटनगरका उद्योगी व्यवसायीले कर छलेको विषयमा पटक-पटक राजस्व विभिन्न निकायले छापा मार्ने गरेको छ । यस अघि पनि विराटनगरमा प्रतिष्ठित उद्योगपतिले कर छलेको सार्वजानिक भएको थियो ।

विराटनगरका प्रतिष्ठित उद्योगपति महेश जाजुले छापा मार्नु स्वाभाविक प्रक्रिया भएको बताउनुभयो । त्यस्तै अर्का उद्योगि मोति दुगडले आफनो उद्योगमा छापा नमारिएको जानकारी दिनुभयो । यता विराटनगरका उद्योगि व्यवसायीहरु भने मोरङ व्यापार संघ र उद्योग संगठनले राजस्वको मनपरी छापा मारि विरुद्ध बोल्न नसकेको आरोप लगाएका छन् । एक उद्योगिले कोशी खबरलाई भने 'विराटनगरका व्यवसायीका संस्था बेकम्मा भए । उनीहरुले यत्रो आतंक हुँदा पनि केही बोलेनन ।'

नेपालमै पहिलो पटक लघु उद्यम दर्ता

इटहरी/ नेपाल सरकारले हालै जारी गरेको औद्योगिक ऐन २०७३ मा व्यवस्था भए वमोजिम सुनसरी जिल्लाका १२ जना लघु उद्यमीहरुलाई नेपालमानै पहिलो पटक विधिवत रुपमा लघु उद्यमीका रुपमा घरेलु तथा साना उद्योग कार्यालय सुनसरीले दर्ता गरेको छ । दर्ता भएका उद्यमीहरुमा जुट झल्ला, वुटीक, सिलाईकटाई र दालमोठ भुजिया उद्यमी रहेका छन् ।

पहिलो पटक नेपालमा लघु उद्यमीको पहिचान सहित जारी भएको औद्योगिक ऐन २०७३ ले लघु उद्यमीहरुको निःशुल्क दर्ताको व्यवस्था गरेको छ । सोही व्यवस्था वमोजिम लघु उद्यमीहरु निशुल्क रुपमा दर्ता भएका हुन् । सहीद सप्ताहको अवसरमा घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीको आयोजना र लघु उद्यम विकास कार्यक्रम, विराटनगर तथा जिल्ला लघु उद्यमी संङ्घको सहजीकरणमा दुहवीभलुवाका ती उद्यामीहरु दर्ता भएका हुन ।घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीका प्रमुख उद्योग अधिकृत अर्जुन निरौलाको अध्यक्षता र लघु उद्यम विकास कार्यक्रम विराटनगरका क्षेत्रीय कार्यक्रम सहयोग प्रवन्धक प्रेमराज न्यौपानेको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । औद्योगिक ऐन २०७३ मा लघु उद्यम सम्वन्धमा भएको व्यवस्थाको विषयमा प्रमुख अतिथिले प्रकाश पारेकाथिए ।

प्रमुख उद्योग अधिकृत अर्जुन निरौलाले लघु उद्यमको दर्ता र यसको महत्वका विषयमा बताएका थिए । लघु उद्यमीहरुको तर्फवाट जिल्ला लघु उद्यमी संङ्घ सुनसरीका सचिव माधुरीदेवी सिंहले लघु उद्यम निशुल्क रुपमा दर्ता हुने व्यवस्था ऐनमा भएकोले अव लघु उद्यमी सजिलै दर्ता हुने कुरा वताए । सोही क्रममा जिल्ला लघु उद्यमी संङ्घका व्यवस्थापक दिवेशकुमार चौधरीले अव जिल्ला लघु उद्यमी संङ्घ सुनसरीले लघु उद्यम दर्तालाई अभियानको रुपमा लाने वताए ।

बिद्यालयस्तरीय क्रिकेट खेलमा सेक्रेडहार्ट विजयी

इटहरी/दोस्रो इटहरीको बिद्यालयस्तरीय क्रिकेट खेलको उपाधी सेक्रेडहार्टले प्राप्त गरेको छ । सम्पन्न भएको अन्तिम खेलमा सक्रेडहार्टले नेपाल डिभिएम स्कुललाई ५ विकेटले हराउँदै उपाधी उचालेको हो ।

टस जितेर पहिलो फिल्डिङ गरेको सेक्रेटहार्ड स्कुलले नेपाल डिभिएम स्कुललाई ७८ रनमा रोकेको थियो । डिभिएम स्कुलले १५ ओभरमा ५ विकेटको क्षतिमा ७८ रनमात्र बनाउन सक्यो । डिभिएम स्कुलका लागि विजय रिजालले ३१ रन र सनम बस्नेतले १३ रन बाहेक अन्य ब्याटसम्यानहरुले दोहोरो अङ्क जोड्न सकेनन ।

सेक्रेटहार्डका लागि अभिनाष झाले १३ ओभरमा ३ ओभरमा १३ रन दिई ३ विकेट लिएका थिए । ७९ रनको झिनो रन पच्छ्याएका सेक्रेटहार्ड शुरुमा दवावमा रहे पनि खेलको म्यान अफ द फाईनल अभिनाष झाले ४३ रनको नट आउट इनिङ्ग खेलेर आफ्नो टिमलाई आफ्नो टिमलाई विजेता बनाएका थिए । उनको उक्त पारिको मद्दतले सेक्रेटहार्टले १२ ओभरमा ५ विकेट गुमाउँदै विजय लक्ष्य पुरा गरेको थियो ।

सेक्रेटहार्डका लागि सन्दिप खड्काले ६ बलमा २१ रन बनाएका थिए । डिभिएमका लागि प्रतियोगिताकै लागि बेष्ट बलर घोषित बिकल्प आचार्यले १ विकेट र शुभम चौधरीले १ विकेट लिएका थिए । प्रतियोगिताकै बेष्ट ब्याट्सम्यान १२ रन दिएर २ र धीरेन राईले र म्यान अफ द टुर्नामेण्टको उपाधी सेक्रेटहार्डका धिरन राई घोषित भएका थिए । विजेट टिमलाई ५ हजार र उपविजेता टिमलाई ३ हजार नगद तथा शिल्ड कप मेडल र प्रमाण पत्र प्रदान गरिएको छ । उनीहरुलाई इटहरी उपमहानगरपालिकाका कार्यकारी अधिकृत टीकादत्त राईले प्रदान गरेका थिए ।

खेल क्रिकेट एकेडेमीको आयोजना तथा प्याब्सन सुनसरी इटहरी उपमहानगरपालिकाको विशेष सहयोगमा सम्पन्न भएको थियो खेलमा इटहरी उपमहानगरपालिका क्षेत्रको १४ स्कुलका सहभागिता थियो । प्रतियोगितामा सहभागि खेलाडीमध्ये १५ जना छनौट गरी बन्द प्रशिक्षणमा राखिने खेलाडीको पनि अन्तिम निर्णय गरिएको एकेडेमीका सचिव सीपी पौडेलले जानकारी दिए ।

दिक्तेल-हलेसी सडक गुणस्तरहीन बन्दै

खोटाङ/कालोपत्रे थालिएको दिक्तेल(हलेसी सडक गुणस्तरहीन बन्ने भएको छ । कालोपत्र गर्नुअघि सडकमा बिच्छ्याइएको रोडा/ढुङ्गा कमसल भएका कारण सडक गुणस्तरहीन बन्ने भएको हो ।

मध्यपहाडी लोकमार्गमा पर्ने दिक्तेल(हलेसी सडकमा बिच्छ्याइएको ग्राभेल (रोडा/ढुङ्गा) अहिले नै फुटेर धुलो भएको स्थानीय भीम राईले बताउनुभयो । "सडकमा बिच्छ्याइएको ग्राभेल फुटेर माटो जस्तै भएको छ ।" उहाँले भन्नुभयो, "अहिले नै ध्यान नपुऱ्याउने हो भने बनेको वर्ष दिनमै कालोपत्रे उप्किने निश्चित छ ।"

दुई वर्षअघिदेखि कालोपत्रे थालिएको दिक्तेल(हलेसी सडकमा अहिले ग्राभेलिङको काम भइरहेको छ । सडकमा नुनथलास्थित हुर्लुङ पाखाको कमसल (सेतो, फोस्के) रोडा/ढुङ्गा प्रयोग गरेको पाइएको छ ।

सडक कालोपत्रे गुणस्तरहीन बन्दै गएकोप्रति अहिलेसम्म कसैले ध्यान नदिएको स्थानीय उद्दिम चाम्लिङले बताउनुभयो । "प्रशासनकै आँखा अगाडि गुणस्तरहीन काम भइरहेको छ ।" उहाँले भन्नुभयो, "कामको जिम्मा लिने ठेकेदारलाई तत्काल प्रशासनमा झिकाएर कारबाही गर्नुपर्छ ।"

सडक कालोपत्रेको जिम्मा लिएका ठेकेदार कम्पनीले नाफा कमाउने उद्देश्यले कमसल सामग्री प्रयोग गरेको स्थानीयको आरोप छ । जिल्लाको प्रमुख मार्ग दिक्तेल(हलेसी सडक कालोपत्रे गर्ने जिम्मा लामा नागार्जुन र लामा नागार्जुन त्रिशूलीले लिएका छन् ।

कालोपत्रे गुणस्तरहीन भएको जनगुनासो आएपछि ठेकेदार राम पाखिनसँग प्रतिक्रिया लिन खोज्दा सम्पर्क हुन सकेको छैन । निर्माणस्थलमा खटिएका इन्जिनियरले ठेकेदारले अह्राएअनुसार आफूहरूले काम गरेको बताएका छन् ।

जिल्लाको धार्मिक तथा पर्यटकीयस्थल हलेसीदेखि बिजुलेसम्मको १२ किलोमिटर, सूर्यदेवी(कन्काई तथा बिजुलेदेखि दिक्तेलसम्मको २४ किलोमिटर कालोपत्रे गर्ने जिम्मा नागार्जुन र लामा नागार्जुन त्रिशूलीले लिएको छ । एसियाली विकास बैंक (एडिबी)को आर्थिक सहयोगमा तीन वर्षभित्र कालोपत्र सम्पन्न गर्ने गरी काम थालिएको हो ।

करिब दश वर्षअघिदेखि यातायात सुचारु भएको सडक कालोपत्रे नहुँदा हिउँदमा मात्र यातायात सञ्चालन हुँदै आएको छ । सम्झौता गरेको लामो समयसम्म सुस्तगतिमा काम भइरहेको दिक्तेल(हलेसी सडक [illegible] प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)को गत वर्ष निर्देशनपछि गति लिएको हो । *रासस/बाट*

प्रो: टेकराज कार्की
९८४२०३०८६७४, ९८१७३२३८०३

ग्रिन पिस खाजा घर एण्ड सेकुवा

तरहरा-१२, हाइवे, लामा होटल छेउ



विशेषताहरु : १२/१५ बर्षको अनुभवबाट तयार
परिकारहरु : अर्डर बमोजिम चिकेन तन्दुरी, नान रोटी करि, विदेशी खानाको प्रकारमा (चाउमिन, इन्डीयन खाना)
नास्ता : हाँसको मासु, लोकल कुखुराको सेकुवा, माछाका प्रकारहरु , खसी/बोकाको सेकुवा
स्पेशल चिकन विरयानीको साथमा अर्डर बमोजिम खाना तयार गरिन्छ
विशेष छुटमा कुनै परिकार कुनै आइटम फ्रिमा

प्रो: प्रमेश दाहाल
९८०८३०६२२९

नयन ट्रेडस

इटहरी पश्चिम लाइन

T.V.S. स्वरुम अटो रिक्सा

यहाँ पार्ट पुर्जा विक्रि वितरण बनाउने काम गरिन्छ ।

रटेर हैन गरेर सक्ने
सरस्वतीपुजाका दिन निशुल्क भर्ना

खुलेको सहर्ष जानकारी गराउँदछौं

म्यारी गोल्ड मन्टेश्वरी स्कूल

सितलनगर टोल, इटहरी-५,सुनसरी

सरस्वती पुजाको प्रसाद विद्यार्थी अभिभावक सुभेचिन्तकलाई १९ गतेका दिन सरस्वतीपुजा यस मन्टेश्वरीले मनाउने भएकोले निशुल्क भर्ना लिने र विभिन्न कार्यक्रममा साथ मनोरञ्जन दिने छ ।

हाम्रा विशेषताहरु

१.बालमैत्रीपूर्ण वातावरण
२.Audio तथा Video बाट अध्यापन गराईने
४.दक्ष, ट्रेनिङ्ग प्राप्त शिक्षक शिक्षीकाहरुबाट प्रयोगात्मक अध्यापन गराइने ।
५.संवेगात्मक तथा सामाजिक विकास गराउने कुरालाई मध्यनजर गर्दै विविध चाडपर्वहरुमा विविध कार्यक्रमहरु गराउने ।

Principal
बन्दना सुब्बा : 9800912963
9862231638

अध्यक्ष :पुण्य लामा, **प्रकाशक/कार्यकारी सम्पादक** : hLjgnfn kmbfn, **सम्पादक** : निशा निरौला, **प्रबन्धक निर्देशक**राजकुमार राई ,**सल्लाहकार** : बलराम आयार्च, जीवन न्यौपाने, छिरिङ लामा, होम ढकाल, सचिन राना मगर, भक्त लामा, राम अधिकारी, तेज मगर, विकास भट्टराई, दुर्गा थापा, दत्त बहादुर लुङगेली मगर,बुद्धी श्रेष्ठ, रमेश राई **मार्केटिङ निलम कार्की , संवाददाता : प्रकाश शेर्पा, सह-सम्पादक** : विकल रेग्मी, **बजार व्यवस्थापन** : हर्क थापा, मिनोज तामाङ्ग, **घनकुटा** : नगेन्द्र फुयाल, **चित्रे** : जे.पी., **उर्लावारी** : किरण निरौला **मुद्रण** : सामुदायिक अपसेट प्रेस, **इटहरी ०२५-५८६६१३, कार्यालयको ठेगाना** : इटहरी-१, सुनसरी, **फोन नं.** : ०२५-५८५१६० मो. ९८४२५५३५५५, Email : samayaaawajweekly@gmail.com

।। सम्पादकीय ।।

अबैधानिक रुपमा संचालन भएका औषधी पसल हटाउ

नेपाल सरकारले औषधी पसलहरुको अनुगमन नगर्दा औषधी पसल र क्लीनिकहरु अवैधानिक रुपमा संचालन हुँदै आएकाछन् त्यसरी अबैधानिक रुपमा खुलेका औषधी पसलहरुले म्याद समाप्त भएका औषधी विक्रि गर्ने, कम गुणस्तरका औषधी विक्रि गर्ने । नियम अनुसार तालिम नलिएका, फार्मेसी सम्बन्धी अध्यान नभएका व्यक्तिहरुले औषधी विक्रि गरीरहेकाछन् । औषधीको मुल्यमा समेत फरक पार्ने गरेको पाइन्छ । औषधीमा लेखेको मुल्य भन्दा तीन चार दोब्बर मुल्य असुली गर्ने गरेको पाइन्छ । औषधी पसल तथा पोली क्लनिकहरुले साइनबोर्डमा ठूला ठूला अक्षरले भए भरका डाक्टरहरुको नाम लेख्ने गरेको पाइन्छ तर जुन डाक्टर डाक्टर हरुको नाम लेखिएको हुन्छ । ती डाक्टर हरु आउने कुरा त परै जाओस डाक्टर हरुलाई आफ्नो नाम लेखिएको थाहा सम्म हुँदैन ।

औषधी पसल तथा पोलि क्लिनिकहरुले यसरी धेरै जनालाई ठगी रहँदा सम्बन्धित निकाह भने मौन बसेको पाइन्छ । विशेषज्ञ डाक्टरको सेवा उपलब्ध छ भनेर भित्र सामान्य अहेव, हेवले विरामीको जाँच गर्नु जघन्य अपराध हो । औषधी पसल र एग्रोभेट सेन्टरमा पनि त्यस्तो समस्या देखिएको छ, पसलमा अदक्ष मानिस राखी पसुपन्छीको विषादी विक्रि गर्ने देखि फार्मेसी को तालिम नलिइकन औषधी विक्रि गर्ने गरिएको पाइन्छ । अनुमति विना भिडियो एक्सरे राखिनु विना भिडियो प्रयोगशाला संचालन गरिनु कानुनी कसुर ठहरिन्छ, तर कुन निकायले के गार्दा कस्तो सजायको भागिदार हुने हो त्यस बारेमा कतिपय कर्मचारीलाई थाहा छैन ।

सर्व साधारणलाई थाहा हुने त कुरै आएन, विषय वस्तु पीच्छे कुन सेवाग्राहीलाई कस्तो सुविधा दिन सकिन्छ भन्ने सोचको विकास हुन आवश्यक देखिन्छ । अन्य जे होस समग्रमा भन्नु पर्दा यो एउटा गम्भरी त्रुटीले मानिसको ज्यान जाने सम्मका घट्ना घट्ने सम्भावना देखिन्छ । तालिम विनाका अदक्ष व्यक्तिहरुबाट जथाभावी औषधी विक्रि हुँदा व्यक्तिमा पर्न गएको क्षति प्रति जावाफ देही को हुने यावत कुरामा सम्बन्धित निकायको समयमा ध्यान जान आवश्यक देखिन्छ ।

बैंकसँग पैसा नभएको होइन, खर्च गरेका हुन्

डा. युवराज खतिवडा

निरन्तर पैसा सापट दिने हैसियत भएको मान्छेलाई हामीकहाँ 'तिमी त मेरो बैंक हौ नि' भन्ने चलन छ। यो हाम्रो समाजले बैंकप्रति देखाएको विश्वास हो । बैंकमा कहिल्यै पैसा अभाव हुँदैन भन्ने हाम्रो सोचाइको उपज हो ।

सोच्नुहोस् त, त्यही बैंक जहाँ पायो त्यही पैसा छर्दै हिँड्न थाले के स्थिति होला? तपाईं-हामीलाई जीविकाको निम्ति उत्पादन कार्यका लागि ऋण चाहिए कसले देला ?

नेपालको वित्तीय क्षेत्र यही समस्याबाट गुज्रिरहेको छ ।

बैंक तथा वित्तीय संस्थामा अहिले 'पैसा नभएर ऋण दिन नसक्ने' अवस्था आएको होइन। बरु कर्जाको स्तर ऋण दिने उपल्लो सीमामा पुगिसकेकाले यस्तो अवस्था आएको हो। राष्ट्र बैंकले यो समस्या हल गर्न अल्पकालीन तरलता (रकम) प्रवाह गर्ने प्रयास गरेको छ । यसले तत्कालको समस्या त हल गर्ला, तर जुन संरचनात्मक कारणले बैंकिङ क्षेत्र बीच-बीचमा तरलताको चक्रमा परिरहन्छ, त्यसको निर्मूल पक्कै गर्दैन। स्थायी रूपमा समस्या समाधान भनेको पुँजीको स्रोत (निक्षेप) को विविधीकरण र दीर्घकालीन व्याजदर नीति नै हो।

२०६६ र ०६७ सालतिरको कुरा हो। बैंक तथा वित्तीय संस्थाहरू पैसा नभएर अहिलेजस्तै हारगुहार मार्दै राष्ट्र बैंक आइपुगेका थिए। त्यतिबेला बैंकमा निक्षेप नै जम्मा हुन सकेको थिएन। खराब कर्जा उठ्न नसकेर सरकारी तथा निजी क्षेत्रका ठूल्ठूला बैंक लगातार धराशयी हुन थालेपछि सर्वसाधारण जनता पैसा जम्मा गर्न तर्सिएका थिए। बैंकप्रति जनताको विश्वास धर्मराएको थियो। कतिसम्म भने, 'बैंकमा पैसा किन नराखेको?' भनेर सोध्दा धेरैको जवाफ हुन्थ्यो, 'खै कुन दिन बैंक ढल्छ थाहा छैन, के पैसा राख्नु?' निक्षेपको मुख्य स्रोत विदेशमा काम गर्न गएकाहरूले पनि यही सोच्न थालेपछि समस्या चर्किएको थियो।

आजको मितिमा बैंकको अवस्था २०६६ र ०६७ सालको जस्तो पक्कै छैन। यतिबेला बैंकमा पैसा (निक्षेप) नभएको हुँदै होइन। उनीहरूले भएको पैसा अधिकांशत: आँखा चिम्लेर कर्जा लगानी गरेका मात्र हुन्। गत एक वर्षमा बैंकहरूको निक्षेप झन्डै ३ सय ७० अर्ब रुपैयाँ बढेको छ। यसबीच कर्जा लगानी भने ४ सय ८६ अर्ब वृद्धि भएको छ। यसरी निक्षेपको तुलनामा कर्जा एक खर्बभन्दा बढी हुँदा तरलताको समस्या देखिनु स्वाभाविक नै हो। चालू आर्थिक वर्ष पनि निक्षेपको वृद्धिदर कर्जाको वृद्धिदरभन्दा कम छैन।

अनुत्पादक क्षेत्रमा लगानी

पछिल्लो समय कर्जाको माग निक्षेपले धान्नै नसक्ने गरी बढेको भनिएको छ। अस्वाभाविक रूपमा बढेको यो कर्जाको माग विश्लेषण नगरी मागेजति कर्जा दिनुपर्छ भन्ने बैंकहरूको मानसिकता देखिन्छ। केन्द्रीय बैंकले पनि कर्जाको प्रवृत्ति तथा गुणस्तर विश्लेषण नगरी तरलता प्रवाह गर्न खोज्नु हिजोको समस्याको पुनरावृत्ति हुनसक्ने अवस्था हो। त्यसैले, कर्जाको गुणस्तर अहिलेको छलफलको विषय बन्नुपर्छ भन्ने मलाई लाग्छ।

देशको अर्थतन्त्र ५-६ प्रतिशत बढ्दा पनि त्यसले सिर्जना गर्ने कर्जाको माग २०-२२ प्रतिशत नै हो। त्योभन्दा बढी कर्जाको माग कि त दीर्घकालीन प्रकृतिको हो, जसले तत्काल उत्पादन वृद्धि गर्दैन, कि त कृत्रिम हो। दीर्घकालीन कर्जाको माग होइन भने अहिले यही कृत्रिम माग पूरा गर्न मात्र बैंकसँग पैसा नभएको हो। त्यसैले, हामीले कर्जाको यति धेरै माग कहाँबाट आयो भन्ने नै सबभन्दा पहिला हेर्नुपर्छ। सबैभन्दा चनाखो हुनुपर्ने भनेको अनुत्पादक क्षेत्रमा गएको कर्जाको व्याज तिर्न फेरि कर्जा लिने प्रवृत्ति हो। यो दोहोरिएको छैन भनेर आश्वस्त हुनु जरुरी छ।

बैंकबाट बढी कर्जा प्रवाह हुनेमा सवारी साधनको खरिद एक हो। चालू आर्थिक वर्षको पहिलो पाँच महिनामा ४५ अर्ब २६ करोड रुपैयाँ बराबरका सवारी साधन भित्रिए। यो अघिल्लो वर्षको तुलनामा तीन गुणा बढी हो। राष्ट्र बैंकको पछिल्लो तथ्यांकअनुसार सवारी साधन किन्नलाई मात्र बैंकले १ सय ३६ अर्ब रुपैयाँ ऋण दिएका छन्।

सवारी साधन मात्र होइन, घरजग्गा, ओभरड्राफ्ट र सेयरको धितोमा प्रवाह हुने कर्जा पनि उल्लेख्य बढेको छ। यी सबै अनुत्पादक क्षेत्र हुन्। कृषि तथा औद्योगिक क्षेत्रमा जाने भनिएको कतिपय कर्जा पनि यस्ता क्षेत्रमा नगएका होलान् भन्न सकिँदैन।

बैंकको पैसा सेयर धितोमा लगानी हुनुले त झन् बजारलाई दोहोरो असर परेको छ। यो आर्थिक वर्ष सुरुको चार महिनामा सेयर कारोबार मापन गर्ने नेप्से परिसूचक १८ सय अंकभन्दा माथि पुग्यो। बजार पुँजीकरण पनि २० खर्बभन्दा बढी थियो। यसो हुँदा आफूसँग भएको सेयरलाई प्रचलित बजार मूल्यमा हिसाब गरेर कसैले लखपति, कसैले करोडपति त कसैले अर्बपति भएको अनुमान गरे। त्यो अनुमानित आयकै आधारमा खर्च पनि गर्न थाले। कसैले गाडी किने त कसैले घरजग्गा। अन्ततः सेयर बजारको पुँजीकरण वृद्धिले अनुत्पादक क्षेत्रमा कर्जाको माग ह्वात्तै बढाइदियो।

हाम्रोजस्तो मुलुकमा उच्च आर्थिक वृद्धिका लागि कर्जा प्रवाह बढ्नु राम्रो हो, तर अनुत्पादक क्षेत्रमा जाने कर्जाले अर्थतन्त्रलाई फाइदा गर्दैन। सबै कर्जा उद्योगधन्दामै जानुपर्छ भन्ने पनि छैन। पर्यटन, होटल, रेस्टुरेन्टजस्ता सेवामूलक क्षेत्रमा गए पनि आर्थिक क्रियाकलाप बढाउन मद्दत नै गर्छ।

म जतिबेला राष्ट्र बैंकको गभर्नर भएको थिएँ, कृषि र ऊर्जा क्षेत्रमा जाने कर्जा कुल कर्जाको ३ प्रतिशत पनि थिएन। अहिले दुवै क्षेत्रमा झन्डै पाँच गुणा बढी कर्जा प्रवाह हुन्छ। यो सकारात्मक हो। तर, यी क्षेत्रमा लगानीको प्रतिफल आउन समय लाग्छ। जलविद्युतमा त कम्तीमा पाँच वर्ष प्रतिफलको आसै गर्न सकिन्न। कर्जाको माग र त्यसबाट प्रतिफल आउने अवधिबीचको अन्तरले सबभन्दा बढी चाप सिर्जना गर्छ। बैंकहरूले यही चाप थेग्दै उत्पादनमूलक क्षेत्रहरूमा लगानी गरेर अघि बढ्नुपर्नेमा त्यसो गरिरहेका छैनन्।

बैंकिङ क्षेत्रमा नाफामुखी प्रवृत्ति हाबी छ। कम समयमै प्रतिफल आउने अनुत्पादक क्षेत्रमै उनीहरू रमाइरहेका छन्। त्यस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्न बैंकहरूबीच घाँटी रेट्ने प्रतिस्पर्धा छ। उहाँ भने एक वर्ष मुद्दति खातामा पैसा राख्दासमेत ५ प्रतिशत व्याज पनि दिँदैनन्, मोटरगाडी किन्न चाहनेलाई भने ५ प्रतिशतमै कर्जा दिन तयार हुन्छन्। यो बैंकिङ क्षेत्रले थेग्न सक्ने कुरै होइन।

मैले गभर्नर हुँदा नै सार्वजनिक रूपमा भनेको छु, जुन देशको औसत मूल्यवृद्धि दर ७ प्रतिशत छ, त्यस्तो देशमा कर्जाको व्याजदर एक अंकमा सीमित हुन्छ भनेर कसैले अपेक्षा नगरे हुन्छ। हाम्रा लागि दीर्घकालमा १०-११ प्रतिशतको व्याज नै वास्तविक हो। त्यसमा ३ देखि ४ प्रतिशत अन्तर राख्दा एकवर्षे निक्षेपको व्याज कम्तीमा ७ प्रतिशत हुनुपर्ने भयो। निक्षेपकर्तालाई यति पनि व्याज नदिने हो भने उनीहरूले अर्को विकल्प सोच्नु स्वाभाविक हो।

हामीकहाँ भने बैंकहरू मासिक, साप्ताहिक वा अझ दैनिक रूपमा व्याज समायोजन गर्न चाहन्छन्। अधिकांश निक्षेपकर्ता अल्छी हुन्छन् भन्ने बैंकलाई थाहा छ। थोरै व्याज दिँदैमा पैसा झिकिहाल्दैनन् र धेरै दिँदैमा झम्टिएर जाँदैनन् भन्ने उनीहरूले बुझेका छन्। आफ्नो धारणा परिवर्तन गर्न समय लगाउने उपभोक्ताको यही बानी बुझेका बैंकहरू त्यसैको लाभ उठाउन खोज्छन्। उनीहरू उपभोक्ता आकर्षित गर्न कर्जाको व्याज घटाउँछन् र आफूले तिर्नुपर्ने निक्षेपको व्याज त्योभन्दा बढी घटाउन चाहन्छन्।

बैंकले मोटरगाडी, घरजग्गा, सेयर, ओभरड्राफ्टजस्ता सजिला ठाउँमा कर्जा लगानी गर्न हानथाप गर्नुमा उनीहरूको अस्वाभाविक नाफामुखी प्रवृत्ति र जोखिम लिन डराउने बानी मात्र जिम्मेवार छैन। राष्ट्र बैंकले लागू गरेको पुँजी वृद्धिको नीतिले पनि बैंकलाई आक्रामक ढंगले लगानी बढाउन बाध्य बनाएको छ।

चुक्तापुँजी वृद्धिको असर

राष्ट्र बैंकले वाणिज्य बैंकहरूलाई चुक्तापुँजी बढाएर दुई वर्षभित्र ८ अर्ब रुपैयाँ पुर्याउन निर्देशन दिएको थियो। त्यसैअनुसार बैंकले चरणबद्ध रूपमा आफ्नो चुक्तापुँजी बढाउन सुरु गरिसकेका छन्।

दुई वर्षमै चार गुणा पुँजी बढाउनुपर्ने भएपछि त्यसबाट प्रतिफल आर्जन गर्न उनीहरूलाई लगानी ह्वात्तै नबढाई सुखै थिएन। हिजोसम्म निश्चित नाफा कमाएका बैंकले पुँजीको २५ प्रतिशतसम्म लाभांश दिइरहेका थिए भने पुँजी चार गुणा बढेपछि पनि २५ प्रतिशत लाभांश कायम राख्न उनीहरूले आफ्नो कारोबार चार गुणा नै बढाउनुपर्ने भयो।

यो अवस्थामा बैंकहरूले लगानीको नयाँ क्षेत्रमा जानुपर्ने थियो। कृषि र पूर्वाधार सम्भाव्य क्षेत्र हुन सक्थ्यो। तर, यसले पनि बैंकको कारोबार तत्काल चार गुणा बढ्ने गुञ्जायस थिएन। कृषिमा जाने भनेको खुद्रा कर्जा हो। त्यो खुद्रा कर्जा ३०, ४० वा ५० प्रतिशतले त बढ्ला, तर दुई वर्षकै बीचमा चार गुणा वृद्धि हुन सक्दैन। अर्कातिर, निक्षेप बचतको पैसा लिएर पूर्वाधारमा जान बैंकसँग न दीर्घकालीन पुँजी परिचालन गर्ने तत्परता छ, न त त्यस्तो लगानी गर्ने व्यवस्थापकीय विशेषज्ञता। चुक्तापुँजी वृद्धिले केही लगानी क्षमता त बढाउँछ, तर त्यो पर्याप्त होइन।

त्यसैले, चुक्तापुँजी वृद्धिको दबाबले बैंकिङ क्षेत्रलाई तीन किसिमले नोक्सान पुगेको देखिन्छ।

पहिलो, बैंकले आफ्नो नाफा कायम राख्न सेवा क्षेत्रमै तानातान गरेर, व्याज घटाघट गरेर कारोबार बढाउन खोजे। कमसल क्षेत्रमा आक्रामक रूपले कर्जा प्रवाह गर्न बाध्य भए।

दोस्रो, हाम्रा सबैजसो बैंक व्यापारीहरूले खोलेका छन्। चुक्तापुँजी बढाउनुपर्ने भएपछि उनीहरूले उद्योग खोल्नुपर्ने पैसा ल्याएर बैंकमा हाले। दीर्घकालीन क्षेत्रमा लगानी गर्नुपर्ने रकम बैंकमै थुप्रियो। आर्थिक गतिविधिलाई बढावा दिने उद्योगधन्दा खुल्न ठप्प हुने स्थिति आयो। यसको असर घुमिफिरी बैंकलाई नै पर्ने भयो। दीर्घकालीन क्षेत्रमा कर्जाको माग कम हुन थाल्यो। उता रेमिटेन्स प्रवाहका कारण मोटरगाडी र घरजग्गाको कारोबार बढेको बढ्दै गर्ने, यता बैंकहरू कर्जा प्रवाह गरिरहने स्थिति बन्यो।

तेस्रो, पुँजी वृद्धिका कारण बैंकहरू अस्वाभाविक र बाध्यात्मक रूपमा गाभिने क्रम बढेको छ। यसले बैंकको दायरा फराकिलो हुनुपर्नेमा साँघुरिँदै गएको छ। हिजो १० करोड पुँजी भएको बैंकलाई ५ लाख कर्जा ठूलो हुन्थ्यो, आज पुँजी ८ अर्ब पुगेपछि ५ लाख कर्जा माग्ने ग्राहकलाई बैंकले गन्दै गनेनन्। हिजो बैंकको दायरामा आइसकेको मान्छे वा समूह आज पुँजी केन्द्रीकृत भएपछि फेरि बैंकको दायराबाट बाहिर पर्ने समस्या देखियो। हिजो जसले विभिन्न जिल्लामा रहेर गाडी चढ्ने र घर किन्ने क्षमताको निम्ति लगानी गरे, आज गाडी र घरमै लगानी गरेर दंग छन्। यो पुँजी वृद्धिले नै ल्याएको असर हो।

चुक्तापुँजी वृद्धिका कारण उत्पन्न यी तीन समस्याले आर्थिक वृद्धि नहुने, तर कर्जा प्रवाह बढिरहने विचित्रको परिस्थिति निम्त्याएको छ। यो आर्थिक वृद्धिको स्थायित्वका लागि मात्र होइन, कर्जाको गुणस्तरका हिसाबले पनि जोखिमपूर्ण हो। तथापि, कर्जा लगानीकै क्षमता बढाउन क्रमिक रूपमा पुँजी बढाउनुपर्ने आवश्यकतालाई भने कसैले नकार्ने प्रश्नै आउँदैन।

कुनै बेला हाम्रो बैंकिङ क्षेत्रको निस्क्रिय कर्जा अनुपात औसत ५ प्रतिशत छ भन्दा विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले पत्याएका थिएनन्। उनीहरूले विशेष लेखापरीक्षण गर्न सुझाएका थिए। हामीले विदेशी संस्था डाकेर बैंकहरूको स्वतन्त्र लेखापरीक्षण गरायौं। धेरै बैंकको निस्क्रिय कर्जा अनुपात उनीहरूले भनेभन्दा चार गुणासम्म बढी देखियो।

अहिले निस्क्रिय कर्जा अनुपात ३ प्रतिशतभन्दा तल छ। अनुत्पादक क्षेत्रमा लगानी बढ्दै गए यही दर कायम राख्नु चुनौतीपूर्ण देखिन्छ। निस्क्रिय कर्जा बढ्दै जानु भनेको बैंकको पुँजी नै क्षय हुनु हो। त्यही भएर पनि माग भएजति कर्जा प्रवाह गर्दा उत्पादनमूलक क्षेत्रमा गएको छ कि छैन भनी चनाखो हुनुपर्छ।

यहाँनिर केन्द्रीय बैंकको भूमिका महत्वपूर्ण छ। बजारले त एउटा लहडमा लगानी गर्छ। त्यो लहड सही नहुन पनि सक्छ। बजारको कमजोरी नबुझेर उसलाई आफ्नै तालमा छोड्दा वित्तीय स्थिति नै डाँवाडोल हुनसक्छ। हिजो घरजग्गाको लगानीलाई समयमै लगाम नलगाएको भए सबै पुँजी त्यसैमा थुप्रिएर अर्थतन्त्र चौपट हुने हाम्रै अनुभवले देखाएको छ। त्यसैले, बजारले विवेकपूर्ण निर्णय गर्न नसक्दा उसलाई दिशानिर्देश गर्ने दायित्व केन्द्रीय बैंककै हो। मैले आफू गभर्नर हुँदा कृषि र ऊर्जाजस्ता क्षेत्रमा लगानी बढाउनुपर्छ भनेको त्यही भएर हो। यसले मात्र दीगो बैंकिङ विकासको पृष्ठभूमि बनाउँछ भन्ने मलाई लाग्छ।

अहिले पनि कृषि र ऊर्जा क्षेत्रमा मागअनुरुप कर्जा प्रवाह हुन सकेको छैन। यसले अनावश्यक क्षेत्रमा बढी कर्जा प्रवाह भएको अनुमान गर्न सकिन्छ। केन्द्रीय बैंकले यस्ता क्षेत्रमा लगानी बढाउन के-कस्ता विकल्प खुला गर्ने भनेर ध्यान दिनुपर्छ। उपभोक्ता ऋणको माग पूरा गर्ने हेतुले मात्र बैंकको पैसा

बराहका सेवा र सुविधाहरु

बराह ज्वेलरी: भुईतलाको अगाडिपट्टि बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. रहेको छ । जहाँ विभिन्न प्रकारका गर-गहनाहरू उपलब्ध छन् ।
बाल संसार: खेल मार्फत शारिरीक तथा बौद्धिक विकास गर्दै मनोरञ्जन प्रान गर्ने बराह बालसंसार ।
बराह डिपार्टमेन्ट स्टोर: दैनिक उपभोग्य खाद्यान्न, इलेक्ट्रोनिक तथा गिफ्ट आइटम, फेन्सी विभिन्न प्रकारका रेडिमेट तथा थान कपडा, जुत्ता, चप्पल, युके, सिंगापुरको लुङ्गी, सबै जनजातिहरूको जातिय पहिरन, लत्ता कपडाहरू पाइने ।
बराह बचत तथा ऋण सहकारी संस्था लि.: स्थानीय क्षेत्र अर्न्तगत छरिएर रहेको पुँजीलाई शेयर सदस्य मार्फत संकलन गरी सो क्षेत्रका व्यक्ति वा समूहको आय आर्जन क्षमनामा वृद्धि गर्दै आर्थिक सामाजिक शीप तथा उत्पादनमूलक कार्यमा लगानी गरी राष्ट्र निर्माण कार्यमा समेत सहयोग गर्ने ।
एम्बुलेन्स सेवा: प्रालिका शेयर सदस्य तथा आर्थिक अवस्था कमजोर भएका समुदायहरूलाई एम्बुलेन्स तथा उपचारका लागि सेवा उपलब्ध गर्ने ।
इन्द्र बराह डिलक्स: (धरानदेखि काठमाडौं आरामदायी) पूर्वाञ्चलकै पहिलो पटक वाइफाई, एयर सस्पेन्सर, सीसी क्यामेरा, डिलक्स र भिडियो कोच सुविधा भएको एसी र नन् एसी बस ।

बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि.
धरान, भानुचौक, महेन्द्रपथ
सम्पर्क: ०२५-५२६७७७, ५२००५६
फ्याक्स: ०२५-५२२४१२
www.nepalibiz.com.np/baraha
www.barahajewellery.com

बेतनामा ३०० भन्दा बढी प्रजातिका कछुवा

पथरी (मोरङ), ११ माघ । लोप हुन लागेका विभिन्न जातका कछुवालाई बेतना सिमसार क्षेत्रमा राख्न थालिएको छ ।

मोरङको बेलबारीमा रहेको बेतना सिमसार क्षेत्रले कछुवा संरक्षण अभियान सुरु गरेको हो । सिमसार संरक्षण समितिका सदस्य भोजराज बस्नेतका अनुसार स्थानीय प्रजातिलाई संरक्षण गर्नका साथै लोप हुन लागेका विभिन्न जातका कछुवालाई सिमसार क्षेत्रमा राख्न थालिएको छ ।

तालमा राखिएको मोटरबोटमा बोटिङ गर्ने र होटलको समेत राम्रो व्यवस्था भएकाले कछुवा हेर्न आउनेको सङ्ख्या सिमसार क्षेत्रमा बढेको छ ।

